EUROPEAN UNION

IPEN
a toxics-free future

# सिसायूक्त रङ्ग तपाई र तपाईको बालबालिकाको निम्ति हानिकारक हुनसक्दछ ।

LeadFree KIDS
for a Healthy Future



के मेरो घर र फर्निचरमा लगाएको रङ्गमा पाईने सिसा (Lead) ले मेरो जन्मने बच्चालाई असर गर्छ?

किन मेरो बच्चा राम्रोसँग हुर्कन सकिरहेको छैन जान्न सक्छु ?

किन मेरो बच्चाले राम्रोसँग खादैन, बढ्दैन, र उसको पेट पनि दुखिरहने बारे जान्न सक्छू ?

किन मेरो बच्चाहरु पढाइ लेखाइमा कमजोर छन् जान्न सक्छु ?

सिसा (Lead) को असरबाट हामी, हाम्रा बालबालीकालाई बचाउनको निम्ती सरकारबाट के कस्ता कार्य भैरहेको छ त ?




आहो !!!!!!!!!! कतिधेरै समस्याहरु हो, बालबालिकालाई असर पार्ने सबैखाले अवस्थाहरुबाट सुरक्षित रहन र यी सबै कुराहरुको बारेमा सोध्ने एवं जानकारी पाउने तपाईहरु सबैको अधिकार हो । विभिन्न वस्तुहरु जस्तै विद्यालय भवन, घर, फर्निचर , खेलौनाहरु रङ्गाउन प्रयोग गरिने रङ्गहरुमा मिसाईएको सिसा (भिबम) नै यी सबै समस्याको मुख्य कारण हुन सक्दछ ।

त्यसैले सिसा (Lead) मिसाईएको रङ्ग लगाउनु भएन भने तपाई र तपाईका बालबालीका दुवैलाई सुरक्षित गर्न सक्नुहुन्छ र यो नै सबै भन्दा उत्तम उपाय हुन ।



**CHILDREN HEALTH FIRST, ELIMINATE LEAD PAINTS**

बालबालिकाको स्वास्थ्यलाई प्राथमिक्ता दिउ र सिसायूक्त रंगरोङ्गनहरु उनमुलन गरौ ।

## सिसा (Lead) को असरबाट बच्ने उपायहरु

बालबालीकाको शरीरमा सिसा (Lead) भए नभएको नियमित परीक्षण गराउनुहोस् ।

यदि तपाई विद्यालय, घर, तथा फर्निचर रङ्गाउदै हुनुहन्छ भने जहिले पनि सिसा (Lead) नमिसाईएको रङ्गहरुमात्र प्रयोग गर्नुहोस् ।

स्वस्थ बालबालीका र स्वच्छ वातावरणको लागि जहिले पनि हानीकारक परीमाणमा सिसा (Lead) मिसाइएको रङ्ग प्रयोग नगर्नाका साथै सकभर सिसा (Lead) नमिसाइएको रङ्गहरुमात्र प्रयोग गरौ ।

## विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना


नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग, सानोठिमी भक्तपुर
फोन न. ००९७७ १ ६६३१९७४, ६६३३०२७
फ्याक्सः ००९७७ १ ६६३३६२४

Private and Boarding Schools` Organisation, Nepal
Tel :00977-01-4420663, 4431586,
Fax : 4438404

CEPHED

CENTER FOR PUBLIC HEALTH AND ENVIRONMENTAL DEVELOPMENT
Nayabasti, Imadol-5, Lalitpur
Kathmandu, Nepal
Tel/Fax 00977-1-5201786
Email: cephed04@yahoo.com

# विद्यालयका भौतिक पूर्वाधारहरु (विद्यालय भवन, फर्निचर, खेलौना आदि) मा रङ्गरोगन गर्दा हानिकारक सिसा (LEAD) नमिसाईएको रङ्गहरुमात्र प्रयोग गरौ ।




## USE LEAD FREE PRODUCTS ONLY




### सिसा (LEAD) को प्रयोग के-के मा हुन्छ ?

दैनिक उपभोग गर्ने बस्तुहरु जस्तैः रङ्ग, सौन्दर्य प्रसाधनका सामग्रीहरु, नक्कली गरगहना, रङ्गीचङ्गी ब्याग, रङ्गीचङ्गी नरम प्लास्टिकका, धातु र काठका खेलौनाहरु, प्लास्टिकका बोतल, टिफीन बट्टा, चम्किला सेरामिकका कप र प्लेट आदिमा सिसा (Lead) को प्रयोग भएको पाइएको छ ।

### सिसा (LEAD) को असरसम्बन्धी केही तथ्यहरु

विश्व स्वास्थ्य संगठन (World Health Organization) अनुसार सिसा (Lead) को असरबाट हरेक वर्ष करिब नयाँ ६००,००० बालबालिकाहरु बौद्धिक विकाससम्बन्धी समस्याबाट ग्रसितहुने गर्दछ । जसमध्ये विकासोन्मुख राष्ट्रहरुमा यसको असर अत्यधिक देखिएको छ ।
(WHO/UNEP, GAELP Brochure)



### सिसा (Lead) को श्रोतहरु

- सिसा भएको रङ्गले रङ्गाइएको विद्यालय भवन तथा फर्निचरमा हुने सिसायुक्त धुलो तथा रङ्गका पाप्राहरु ।
- सिसायुक्त बालबालिकाका खेलौनाहरु ।
- सिसायुक्त पाईप बाट आउने खाने पानी ।
- सिसा मिश्रित खानेकुरा ।

### सिसा (LEAD) को प्रभावबाट बच्न अभिभावक तथा शिक्षकले ध्यान दिनुपर्ने कुराहरु

- बालबालिकाको हात र खेलौना पटक पटक राम्रोसँग धुनुपर्छ ।
- खाना बनाउदा जहिले पनि चिसो धाराको पानीमा पकाउनुपर्छ ।
- बालबालिकाको शरीरमा सिसाको मात्रा भए नभएको थाहा पाउन नियमित रुपमा रगत परिक्षण गराउनुपर्छ ।
- विद्यालय भवन, फर्निचर, झ्याल, ढोका, भित्तामा जमेको धुलोमा सिसाबारे नियमित रुपमा परिक्षण गराउनुपर्छ ।
- विद्यालय भवन, फर्निचर, झ्याल, ढोका, बेञ्च, डेस्क, भित्ता तथा अन्य पूर्वाधारहरुमा रङ्गरोगन कार्य गर्दा सिसा नमिसाईएको रङ्गहरु मात्र प्रयोग गर्नुपर्छ ।






LeadFree KIDS
for a Healthy Future

### सिसा (LEAD) बाट हुने मुख्य असरहरु

- सिसाबाट सबैभन्दा बढी बालबालिकाहरु प्रभावित हुने गर्दछन् ।
- पढाइ लेखाइमा कमजोर हुनु, वानी व्यहोरामा परिवतर्न आउनु, शरीर का हड्डी, शारिरीक एवं मानसिक विकास राम्ररी नहुनु ।
- रक्तअल्पता, अनिद्रा, अशान्ति, पेट दुख्नु, टाउको दुख्नु, भोक नलाग्ने, तौल घट्नु, कब्जियत तथा वान्ता हुनु ।
- स्नायु प्रणाली, मुत्र प्रणाली र प्रजनन् प्रणालीमा गडवडी हुनु ।
- उच्च मात्रामा सिसाको सेवन वा सम्पर्कका कारण अचेत भै मृत्यु समेत हुन सक्दछ ।



विद्यालय भवन, फर्निचर तथा अन्य भौतिक पूर्वाधारहरुमा रङ्गाउने रङ्गहरुमा भएको सिसा (Lead) को बारेमा शिक्षा विभाग तथा PABSON को ध्यानाकर्षण भएको छ र जनचेतना फैलाउन तथा सिसा (Lead) को असरलाई न्यूनीकरण गर्नका निम्ती सबै सामुदायीक, संस्थागत विद्यालय तथा शैक्षिक संस्थाहरुले हानीकारक परीमाणमा सिसा (Lead) मिसाइएको रङ्ग प्रयोग नगर्नाका साथै सकभर सिसा (Lead) नमिसाइएको रङ्गहरुमात्र प्रयोग गर्न आग्रह गर्दछौ ।

## विस्तृत जानकारीको लागि सम्पर्क ठेगाना

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग, सानोठिमी भक्तपुर
फोन न. ००९७७ १ ६६३१९७४, ६६३३०२७
फ्याक्सः ००९७७ १ ६६३३६२४

Private and Boarding Schools` Organisation, Nepal
Tel :00977-01-4420663, 4431586,
Fax : 4438404

CEPHED
CENTER FOR PUBLIC HEALTH AND ENVIRONMENTAL DEVELOPMENT
Nayabasti, Imadol-5, Lalitpur
Kathmandu, Nepal
Tel/Fax 00977-1-5201786
Email: cephed04@yahoo.com